**सम्वत् २०८२ साल साउन २० गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

**<u>प्रदेश मन्त्रिपरिषद् बैठक संख्याः ०६/०८२</u>**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सभाबाट स्वीकृत सङ्कल्प कार्यान्वयनका लागि सम्बन्धित निकायहरुलाई निर्देशन दिने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | क) बागमती प्रदेश भित्र अविरल वर्षा बाढी पहिरो जस्ता कारणले हुने सम्भावित प्राकृतिक विपद् जोखिमको अवस्थालाई मध्यनजर गर्दै त्यसका लागि पूर्व तयारी गर्ने र प्रदेश विपद् परिषद् तथा प्रदेश विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाई विपद्को अवस्थामा सम्बद्ध सरकारी निकाय र अन्य संघसंस्थाहरु समन्वयात्मक तवरले परिचालन हुने व्यवस्था आन्तरिक मामिला तथा कानून मन्त्रालयले मिलाउने ।<br>ख) प्रदेश भित्र विपद्को अवस्थामा तत्काल उद्धार, राहत र प्रतिकार्यका लागि समन्वयात्मक तवरले राज्य संयन्त्रका स्रोत, साधन र जनशक्ति परिचालन गर्न प्रदेश सरकारका माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूको संयोजकत्वमा प्रमुख सचिव र सुरक्षा निकायका प्रादेशिक प्रमुखहरु लगायतका अधिकारीहरु समेत रहने गरी उच्चस्तरीय एकीकृत संयन्त्र (Unified Team) गठन गर्ने ।<br>ग) विपद् रोकथाम तथा प्रतिकार्यका लागि स्थानीय प्रशासन र सुरक्षा निकायसंग समन्वय गरी विपद्को अवस्थामा तत्कालै परिचालन हुन सक्ने गरी सम्बद्ध निकायलाई तयारी अवस्थामा राख्ने र यसका लागि थप सामग्री/उपकरण आवश्यक पर्ने भए आन्तरिक मामिला तथा कानून मन्त्रालयले सम्बद्ध निकायसँग समन्वय गरी उपयुक्त व्यवस्था मिलाउने।<br>घ) प्रदेश भित्र बाढी, पहिरो जस्ता प्राकृतिक विपद्का कारण बासस्थान गुमाउने परिवारलाई यथाशिघ्र अस्थायी बसोबासको प्रबन्ध मिलाउने ।<br>ङ) बाढी, पहिरो जस्ता विपद्का कारण कुनै लोकमार्ग वा सडक अवरुद्ध हुन गएमा संघीय सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय तथा सम्बन्धित स्थानीय तहसँग समेत समन्वय गरी यथाशिघ्र यातायात सहज रुपमा सञ्चालन |

| | | |
|---|---|---|
| | | हुने/सूचारु हुने व्यवस्था प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले मिलाउने ।<br>च) विपद् व्यवस्थापनका लागि स्रोध साधन/कमी हुन नदिन र विपद् व्यवस्थापन तथा प्रतिकार्यका लागि विनियोजित बजेट अपुग हुन आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता र औचित्यता हेरी स्रोत व्यवस्थापन गर्ने। |
| ३. | १. प्रदेशभित्र रहेका अति गरिब र सीमान्तकृत समुदाय (दलित, चेपाङ, बोटे, जिरेल, हायु, बनकरिया लगायत) लाई जीवनयापनमा सहयोगका लागि गाँस, बास र कपासको प्रबन्ध गर्ने प्रदेश सरकारको उच्च प्राथमिकतामा रहेको कार्यलाई कार्यान्वयन गर्न सामाजिक विकास मन्त्रालय मार्फत नीति निर्माण गरी कार्यान्वयनमा ल्याउने ।<br><br>२. आर्थिक अभावका कारण उच्च शिक्षा अध्ययनमा कठिनाई भएका प्रदेश भित्रका विपन्न र सीमान्तकृत परिवारका जेहेन्दार विद्यार्थीहरुलाई स्वास्थ्यतर्फ उच्च शिक्षा अध्ययनका लागि सामाजिक विकास मन्त्रालय मार्फत मापदण्ड/कार्यविधि बनाई देहायबमोजिम छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था मिलाउने।<br><br>क) मेडिकल डाक्टर (MBBS) – २(दुई) जना<br>ख) आयुर्वेदिक डाक्टर (BAMS) – २(दुई) जना<br>ग) भेटेनरी डाक्टर (BVSC) – २(दुई) जना<br>घ) स्टाफ नर्स — १०(दश) जना<br><br>३. प्रदेश सरकारको प्रवक्ताको जिम्मेवारी माननीय खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्री श्री कृष्ण कुमार तामाङलाई तोक्ने। | |

**सम्वत् २०८२ साल साउन ७ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

**प्रदेश मन्त्रिपरिषद् बैठक संख्याः ०५/०८२**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | आर्थिक मामिला तथा योजना मन्त्रालय | वि.सं. २०८२ श्रावण १०-११ तदनुसार, 26-27 जुलाई 2025 मा गणतन्त्र कोरियाको सियोल शहरमा आयोजना गरिने गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, दक्षिण कोरीयाको "10th National General Meeting" कार्यक्रममा सहभागि हुन प्रदेश सरकारलाई थप आर्थिक व्ययभार नपर्ने गरी माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दन राज काफ्लेज्यूलाई वैदेशिक भ्रमणका लागि स्वीकृति दिने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।